गलकोट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गलकोट बागलुङ

**दोश्रो पटक प्रकासित मिति २०७५।६।१६**

**ढुंगा, गिट्टी,वालुवा, रोडा विक्री गर्ने कार्य ठेक्कामा लगाउन शिलबन्दी बोलपत्र आह्वान गरीएको सूचना ।**

स्थानीय सरकार संचालन ऐन, २०७४ अनुसार कार्यपालिकाको मिति २०७५।०५।२१ को निर्णय एवं यस कार्यालयको मिति २०७५।६।१५ को निर्णय वमोजिम आ.व. ०७५।०७६ को लागि तपसिलमा उल्लेखित क्षेत्रबाट ढुंगा, गिट्टी, वालुवा, रोडा विक्री गर्ने कार्य सम्झौता भएको मिति देखि २०७६ आषाढ मसान्त सम्म) गर्ने कार्य ठेक्कावाट गराउनु पर्ने भएकोले सो प्रयोजनको लागि योग्यता पुगेका फर्महरुबाट तपसिलमा उल्लेखित शर्तहरुको अधिनमा रही गोप्य शिलबन्दी दरभाउ पत्र पेश गर्न यो १५ दिने सूचना प्रकाशित गरिन्छ ।

**ठेक्काको विवरण :**

| सि.नं. | ढुंगा,गिट्टी,वालुवा,रोडा विक्री गरिने क्षेत्र | ठेक्का नं. | न्यूनतम ठेक्का रकम | कैफियत |
|---|---|---|---|---|
| १ | गलकोट नगरपालिका वडा नं. ११(साविक रिघा गा.वि.स.वडा नं.९) दरमखोला किनार फेदी वगर क्षेत्र | ४-०७५।०७६ | ३५००००।०० | |
| २ | गलकोट नगरपालिका वडा नं. ८ र ९ (साविक कांडेवास र मल्म गा.वि.स.) दरमखोला किनार वगर क्षेत्र | ५-०७५।०७६ | १५००००।०० | |

**शर्तहरु :**

१) यो सूचना दोश्रो पटक प्रकासित भएको मितिले १५ औं दिनको दिन सार्वजनिक विदा परेकोले कार्यालय खुल्ने दिन **मिति २०७५।७।४ गते** कार्यालय समय भित्र रु १०००।०० (एक हजार) दस्तुर तिरी दरभाउ पत्र फारम यस कार्यालयवाट खरिद गर्न सकिने छ ।

२) मिति **२०७५।७।५ गते १२.००** वजे सम्म यस कार्यालयमा बोलपत्र दाखिला गर्न सकिने छ र सोही दिन २.०० वजे कार्यालय प्रतिनिधि र दरभाउपत्रदाताको रोहवरमा बोलपत्र खोलिने छ सो दिन विदा परेमो सोको भोली पल्ट दाखिला गरी खोलिने छ । यदि दरभाउपत्र दाता उपस्थित नभए पनि बोलपत्र खोल्न वाधा पर्ने छैन ।

३) आफुले कवोल गरेको अंकको ५ प्रतिशत धरौटी रकम यस कार्यालयको नेपाल बैंक लिमिटेड बागलुङ.मा रहेको खाता नं. ०२२०३००००००००३००००९ मा जम्मा गरी सो को सक्कलै भौचर प्रति पेश गर्नु पर्ने छ ।

४) कार्यालय प्रमुखवाट प्रमाणित नभएको र कार्यालयको छाप नलागेको दरभाउपत्र फारामलाई मान्यता दिईने छैन दरभाउ पत्रको साथमा नागरिकताको प्रमाणपत्रको प्रतिलिपी, फर्म दर्ता प्रमाण पत्रको प्रतिलिपी र करचुक्ता प्रमाणपत्रको प्रतिलिपी समेत संलग्न गर्नु पर्ने छ ।

५) जुन फर्मको नामवाट दरभाउपत्र खरिद गरिएको हो सोही फर्मको नामवाट मात्र दरभाउपत्र दर्ता गर्नु पर्ने छ । अन्य फर्मवाट दर्ता गराईएको दरभाउपत्रलाई मान्यता दिईने छैन ।

६) प्रत्येक दरभाउपत्रको छुट्टा छुट्टै खाममा आफुले गर्न चाहेको कामको विषय वा शिषक लेखी दरभाउपत्र सिलवन्दी गरी पेश गर्नु पर्ने छ ।

क्रमशः

२०७५।६।१६
प्रमुख प्रशासकीय अधिकृत

७) दरभाउपत्र सकारे वापत नियमानुसार आफुले बुझाउनु पर्ने सम्पुर्ण रकम ठेकेदार स्वयंले बुझाउनु पर्ने छ। सम्झौताको लागि स्वीकृत दरभाउपत्रदाताले आफुले कबोल गरेको कुल रकम ३(तीन) किस्ता गरी बुझाउन सक्ने छ। यसरी बुझाउने किस्ताहरु मध्ये प्रथम किस्ता वापत ५० प्रतिशत रकम सम्झौता गर्ने समयमा बुझाउनु पर्ने छ र बांकी रकमको हकमा २०७५ चैत्र मसान्त सम्म बुझाई सक्नु पर्ने छ।

८) नदि खोला किनारबाट ढुंगा गिट्टी वालुवा रोडा उत्खनन् गर्दा सडक पुल बांध आदि भौतिक निर्माणका वस्तुहरुलाई बाधा नपर्ने गरी गर्नु पर्ने छ। निषेधित क्षेत्र र व्यक्तिको नाममा दर्ता भएको जग्गाबाट ढुंगा, गिट्टी, वालुवा, रोडा उत्खनन गर्न पाईने छैन।

९) ठेकेदारले सम्झौता पत्रमा तोकिएको वस्तुहरुमा मात्र तोकिए बमोजिमको दर रेटमा बिक्री गरी वस्तुर असुल गर्नु पर्ने छ। प्रचलित ऐन, नियम, कानुन, सम्झौताको शर्तहरु विपरित कार्य गरेमा जुन सुकै अवस्थामा पनि कार्यालयले सम्झौता तोड्न सक्ने छ र त्यसबाट कार्यालयलाई पर्न जाने हानी नोक्सानी ठेकेदारबाट सरकारी बांकी सरह असूल उपर गरिने छ।

१०) प्रचलित कानून विपरित कर असुल गर्न र ढुंगा, गिट्टी, वालुवा उत्खनन गरी विक्री गर्न पाईने छैन।

११) दरभाउपत्र स्वीकृत गर्ने, आंशिक स्वीकृत गर्ने वा गर्दै नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ

१२) तोकिएको कर संकलन केन्द्र वा विक्री क्षेत्रमा कर उठाउने र विक्री गरिने वस्तुहरुको स्पष्ट सूची राख्नु पर्ने छ

१३) ठेक्का अवधि समाप्त भएपछि कर चुक्ता गरेको प्रमाण पेश गरे पछि मात्र धरौटी रकम फिर्ता गरिने छ।

१४) स्वीकृत दरभाउ पत्रमा कबुल गरेको ठेक अंकको १.५ प्रतिशत अग्रिम आय कर १३ प्रतिशत मु.अ.कर समेत सम्झौताका बखत बैंक जम्मा गर्नु पर्ने छ।

१५) बन्द हड्ताल, चक्काजाम वा अन्य कुनै कारण देखाई कार्यालयमा मिनाहा माग गर्न पाईने छैन्।

१६) यस कार्यालयबाट समय समयमा दिईएको निर्देशन पालना गर्नु सम्बन्धीत ठेकेदारको कर्तव्य हुने छ।

१७) ठेक्का सम्बन्धी कुनै विवाद भएमा आपसी सहमतिबाट टुंगो लगाइएने छ यदि सहमति हुन नसकेमा कार्यालयको निर्णय अन्तिम हुने छ।

१८) ठेकेदारले दरभाउ पत्र स्वीकृत भएको मितिले ७ दिन भित्र सम्झौता गर्न कार्यालयमा सर्म्पक गर्नु पर्ने छ। यदि तोकिएको अवधि भित्र सम्झौता गर्न नआएमा धरौटी जफत गरी नियमानुसार ठेक्का व्यवस्थापनको प्रकृया अगाडि बढाईने छ।

१९) गत वर्ष जि.स.स.बाट गरिएका प्रारम्भिक वातावरणीय परिक्षण मुल्यांकनबाट औंल्याईएका सुझावहरुलाई पालना गर्नु पर्ने छ।

२०) अन्य थप कुराको हकमा प्रचलित कानुन वमोजिम हुने छ र अन्य विस्तृत जानकारीको लागि कार्यालयमा सर्म्पक राख्न सकिने छ।

कृष्णी राज गौतम
प्रमुख प्रशासकीय अधिकृत